**आर्थिक वर्ष २०८२।८३ को**

# बार्षिक नीति तथा कार्यक्रम

नगर प्रमुख श्री नागेन्द्र प्रसाद यादवले नगरपालिकाको चौधौ नगरसभामा प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रम

## मलंगवा नगरपालिका

**२०८२ असार १०** **नगरपालिका सभाकक्ष**

# मलंगवा नगरपालिका
# आर्थिक वर्ष २०८२/८३ को
# नीति तथा कार्यक्रम
## "हाम्रो मलंगवा, प्यारो मलंगवा"

मलंगवा नगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर सभाका सदस्यहरु, मलंगवा नगरपालिकाको नगरसभाको **चौधौं** अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

सर्वप्रथम सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अमूल्य जीवन उत्सर्ग गर्नु हुने प्रातः स्मरणीय महान् सहिदहरुप्रति श्रद्धा सुमन अर्पण गर्दछु । यस क्रममा भएका सवै आन्दोलन तथा संघर्षको नेतृत्व गर्नु हुने अग्रजहरुप्रति उच्च समान व्यक्त गर्दछु ।

स्थानीय आवश्यकता र जनचाहना अनुरुप लोकतान्त्रिक मूल्य मान्यातामा आधारित समाजवाद उन्मुख आर्थिक-सामाजिक रुपान्तरणका लागि राजनीतिक स्थायित्व, सुशासन, विकास, सामाजिक न्यायसहित **नीतिमा इमान्दारिता, हाम्रो होइन राम्रो** भन्ने आकाङ्क्षा पूरा गर्न मलंगवा नगरपालिकाले २०८२/८३ को नीति तथा कार्यक्रममा निम्न विषयलाई जोड दिएको छ ।

मलंगवा नगरपालिका नगर सभाको यस गरिमामय वैठकमा मलंगवा नगरपालिकाको प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । सम्वत् २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हालेको तीन वर्ष पुरा भएको छ । यस अवधिमा नगरको विकास, सुव्यवस्थापन र सुशासन कायम गर्ने दिशामा निकै दुरगामी र महत्वपूर्ण प्रभाव पर्ने कार्यहरुको थालनी गरिएको छ । यस कार्यमा नगरवासी तथा सरोकारवाला निकायहरुवाट भएको सहयोग, सहकार्य र समन्वयको लागि मलंगवा नगरपालिका धन्यवाद ज्ञापन गर्दछ ।

तीन वर्षे कार्यकालमा मलंगवा नगरपालिकाले स्थानीय सरकारको हैसियतबाट विभिन्न संरचनागत, नीतिगत, कानुनी, प्रशासनिक तथा व्यवस्थापकीय कार्य सम्पादन गरेको छ । मूलतः यस अवधिमा विगतदेखि सञ्चालित आवश्यक कार्यक्रमको निरन्तरता र सो को शीघ्रातिशीघ्र सम्पन्न गर्ने कुरालाई जोड दिदै थुप्रै नविन, सिर्जनात्मक र सुशासनका लागि अपरिहार्य मानिने योजना तथा कार्यक्रमको शुरुवात गरिएको छ । नगर सभा, नगर कार्यपालिका, र वडास्तरबाट सम्पादन गर्नुपर्ने काम कारवाहीलाई प्रभावकारी रुपमा सम्पादन गर्न प्राथमिकता दिइएको छ ।

नगरसभा र नगर कार्यपालिका अन्तर्गतका विषयगत समितिहरुको भूमिकालाई थप प्रभावकारी र सक्रिय हुने संस्थागत पद्धतीको विकास गरिएको छ । समितिको क्षेत्राधिकारभित्रका विषयमा व्यवस्थापकीय तथा कार्यकारी भूमिका समितिबाटै निर्वाह गर्ने अभ्यासलाई शुरुवात गरिएको छ । आवश्यक विषय तथा क्षेत्रगत नीति तथा कानुन तर्जुमा, योजना तथा परियोजनाको निर्माण, सेवा

प्रवाहमा सूचना प्रविधिको उपयोग र नगरवासीप्रति उत्तरदायी शासकीय पद्धतिलाई आत्मसात् गर्दै अधिकतम पारदर्शी शासन प्रशासन सञ्चालन गर्ने दिशामा निर्देशित भएका छौं ।

मूलतः स्थानीय जनताको सार्वभौम अधिकारलाई प्रचलन गराउने तथा चुस्त, दुरुस्त र प्रभावकारी सेवा प्रवाह गर्ने हाम्रो ईच्छा रहेको हो । कृषि र व्यापारमा आधारित मलंगवाको सम्भावनाको पहिलो क्षेत्र हो । सुरक्षित बजारीकरण र सहरी सुव्यवस्था मलंगवाको लागि अर्को सुधार गर्नुपर्ने प्रमुख क्षेत्र हो । मलंगवाको फोहर व्यवस्थापन लामो समयदेखि समस्याको रुपमा रहँदै आएको सन्दर्भमा यसको दिगो र वैज्ञानिक व्यवस्थापनका लागि निरन्तर प्रयास गरिरहेका छौँ । सूचना र प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई सहज वनाउन अनिवार्य छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्ने कामलाई विशेष प्राथमिकतामा राखेका छौँ । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्धन जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु। आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम नगरवासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा म विश्वस्त रहेको छु ।

**अव म यस सम्मानित वैठकमा चालु आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रमको प्रगतिको सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छुः**

१. विद्यालयहरुमा कक्षा ५ र कक्षा ८ मा केन्द्र कायम गरि नगरस्तरीय परीक्षा संचालन भईरहेको छ ।
२. नगरपालिका र रेडियो नेपाल बर्दिबास बीच सम्झौता भई मासिक रुपमा हाम्रो मलंगवा प्यारो मलंगवा कार्यक्रम निरन्तर रुपमा हालसम्म प्रसारण भईरहेको छ ।
३. विद्यालयहरुमा सिकाइको स्तर बृद्धि गर्न र विद्यार्थीहरुलाई नियमित बनाउन प्रत्येक विद्यालयलाई एउटा मोवाईल र विद्यालयको शैक्षिक तथ्यांक व्यवस्थपन गर्न सवै सामुदायिक विद्यालयहरुमा कम्प्युटरको पहुँच सुनिश्चि गरिएको छ। ई.सि.ए. (Extra Curriculum Activities) को प्रवर्धन जस्ता कार्यक्रमलाई निरन्तर सञ्चालन गरिएको छ ।
४. मुख्य बजारभित्र चुनौतिपूण रहेको सडक विस्तार कार्यलाई १५ मिटर चौडाइ कायम गरी सघन शहरी विकास कार्यक्रम संघीय आयोजना कार्यान्वयन इकाइ जनकपुरबाट निर्माण कार्य करीव सम्पन्न भएको छ । साथै नगरका अन्य स्थानमा सडक मापदण्डअनुसार सडक विस्तार गरी स्तरोन्नति गरिएको छ । अगामी आ.व.मा यसलाई निरन्तरता दिईनेछ ।
५. नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ५ र ८ का विपन्न लक्षित छात्रवृति ७० जना विद्यार्थीहरुलाई प्रदान गरिएको छ  र निरन्तरता दिईनेछ ।

६. शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न सामुदायिक विद्यालयमा प्र.अ.छनौट कार्यविधि,२०८१, ट्युसन तथा कोचिङ्ग कार्यविधि तथा स्थानीय पाठ्यक्रम कक्षा १ देखि ३ जारी गरी कार्यान्वयनमा ल्याइएको छ ।

७. विकासका अधुरा काम पूरा गर्ने र सँगसँगै नयाँ योजनाहरु कार्यान्वयन भईरहेको छ ।

८. विद्याालयको शैक्षिक सुधारकाका लागि बैशाख ११ गते १८ बुँदे परिपत्र गरिएको छ । यसबाट कक्षागत र विषयगत रुपमा ५ प्रतिशत स्तर वृद्धि गर्न लक्ष्य राखेर योजनाहरु निर्माण गरिएको छ । त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गरि शिक्षामा सुधार ल्याईनेछ ।

९. मलंगवा नगरपालिका क्षेत्रभित्रका विद्यलयहरुमा सुधारका कार्यहरुको शुरुवात गरिएको छ । जस अन्तर्गत विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान गरिएको छ ।

१०. न्यायिक समितिमा आएका मुद्धाहरु निरन्तर रुपमा छलफल गरी समाधान गर्ने प्रयास गरिएको छ ।

११. मलंगवा नगरपालिका वडा नं.१० स्थित तीन विघे मैदानको दक्षिण पट्टि सौन्दर्यीकरणको काम तीब्र गतिमा अघि बढेको छ । त्यसलाई निरन्तरता दिईनेछ ।

१२. नगरपालिकाको ३८ औ स्थापना दिवस विभिन्न कार्यकमहरु गरी सम्पन्न भएको छ ।

१३. आर्थिक वर्ष २०८१/८२ मा सामुदायिक विद्यालयका भवनहरु निर्माण तथा मर्मत लगायतका पूर्वाधार विकासका कार्यहरु सम्पन्न भएको छ ।

१४. विद्यालयहरुको शैक्षणिक योजना र बार्षिक कार्ययोजना सहितको २०८२ शैक्षिक कार्यपात्रो ( क्यालेण्डर) निर्माण तथा प्रकाशन गरि लागु गरिएको छ । अगामी आ.व.मा निरन्तरता दिईनेछ ।

१५. नेपाल सरकार तथा विभिन्न संस्थाहरुको सहकार्यमा मलंगवा नगरपालिका क्षेत्रभित्रका बिद्युत, टेलिफोन, केवल टेलिभिजन, इन्टरनेट लगायतका तार हटाई व्यवस्थित गरिएको छ ।

१६. निजी क्षेत्रसँगको सहकार्यमा निजी शौचालयहरुलाई सार्वजनिक प्रयोजनमा पहुँच वृद्धिको लागि शुरुवात गरिएको छ ।

१७. नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गरी नगरपालिका उज्यालो कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

१८. नगरपालिकाको थुप्रै स्थानमा अनाधिकृत रुपमा अतिक्रमण गरी निर्मित भवन,टहरा संरचना हटाइएको छ र हटाउने क्रम निरन्तर जारी रहेको छ ।

१९. मलंगवा नगरपालिका अन्तर्गतका स्वीकृत कार्यक्रमको कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

२०. नगरपालिका क्षेत्रभित्र आवासीय प्रयोजनका लागि निर्माण भएका भवन (अपार्टमेन्ट) प्रयोग गर्ने करदाताहरुबाट लिइने सम्पत्ती करमा पुनरावलोकन गरिएको छ ।

२१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८० जारी गरिएको छ ।

२२. नगरपालिका क्षेत्रभित्र सञ्चालित परियोजनाहरुको अनुगमनलाई प्रभावकारी वनाई विकास निर्माणलाई गुणस्तरीय वनाउने कार्यमा सुधार भएको छ ।

२३. मलंगवा नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता तथा सिप विकास तालिम र अवलोकनलाई निरन्तरता दिईएको छ ।

## चालु आ.व.२०८१।८२ को नीतिको संक्षिप्त विश्लेषण

चालु आर्थिक वर्षका लागि मलंगवा नगरपालिका नगर सभाको **बारह्रौं** अधिवेशनबाट स्वीकृत भई कार्यान्वयन भएको नीतिले नगरवासी र आम जनमानसमा सुधारको अनुभूतिका साथै आशा र भरोसाको सञ्चार गरेको छ । नगर सभाबाट स्वीकृत हुने नीति तथा कार्यक्रमहरुले मलंगवाको भविष्यलाई सुनिश्चित गर्ने र अरु स्थानीय सरकारका लागि समेत अनुकरणीय बन्न सक्नुपर्ने हुन्छ ।

एक वर्षको अवधिमा नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपलब्धि सन्तोषजनक रहेको देखिन्छ । यद्यपी चालु आर्थिक वर्षको नीति विश्लेषण गर्दा शतप्रतिशत कार्यान्वयनमा आउन सकेको भने देखिदैन । नीतिले निर्दिष्ट गरेका कतिपय कार्यक्रम कार्यान्वयनमा सार्वजनिक खरिद प्रक्रिया, योजना छनौट र प्राथमिकीरण, संस्थागत क्षमता आदि समेतका कारण अपेक्षाकृत नतिजा प्राप्त हुन सकेको देखिएन । नगर सभाबाट पारित नीति तथा कार्यक्रमको शतप्रतिशत कार्यान्वयनका लागि संस्थागत क्षमतामा बृद्धि, आवश्यक संस्थागत संयन्त्र तथा कानुनी प्रबन्धको थप व्यवस्था गरी स्वीकृत कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन, अनुगमन र मुल्याङ्कन पद्धतिको विकास गर्न आवश्यक देखिएको छ ।

**नगरसभाका सदस्यज्यूहरु,**

अव म यस सम्मानित नगरसभाको वैठकमा आगामी आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छुः मलंगवा नगरपालिकाको दीर्घकालीन सोच **"नीतिमा इमान्दारिता, हाम्रो होईन राम्रो " रहेको छ** । यसै सोचमा केन्द्रित भई आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । सफा, सुन्दर, धुलोरहित एवं व्यवस्थित सडक र पेटी, प्रविधिमैत्री, हराभरा, पर्यावरण तथा पर्यटनमैत्री मलंगवा निर्माण गर्ने यस नीति तथा कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । कम्तिमा १०० नयाँ रोजगारीको सिर्जना गर्ने, नगरलाई व्यवसायमा आत्मनिर्भर वनाउन स्थानीय व्यवापारीलाई सुविधा सहितको नीतिको सुरूवात गर्ने, मलंगवालाई सांस्कृतिक तथा व्यवसायिक बजार बनाइ व्यपारीको संख्यामा उल्लेख्य वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

सुबिधा सम्पन्न **ECED (Early Childhood Education and Development)** कक्षा, आवश्यक भौतिक पुर्वाधार विकास, सिपमूलक शिक्षा, **हाम्रो विद्यालय हामी बनाउछौं,** विद्यालयको सुन्दरता तथा हराभरामा विद्यार्थीहरूको सहभागिताका साथै सामुदायिक विद्यालयमा विद्यार्थी भर्नादर कम्तिमा २० प्रतिशतले वृद्धि गर्ने शैक्षिक लक्ष्य लिइएको छ । १२ वटै वडामा स्वास्थ्य प्रवर्धन

केन्द्र सञ्चालनमा ल्याई नगरवासीको स्वास्थ्य सेवा पहुँच अभिबृद्धिमा रुपान्तरण गर्ने लक्ष्य लिईएका छ। नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुप्रतिको जनविश्वास र सेवाग्राहीको संख्या शतप्रतिशतले वृद्धि हुने लक्ष्य रहेको छ।

नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सडकहरू पक्कि सडकमा रुपान्तरण भएका हुनेछन, सम्पूर्ण सडकहरुलाई खाल्डाखुल्डी रहित बनाउने लक्ष्य लिईएको छ। सम्भव भएसम्म एक वडा एक पार्क निर्माण, वार्षिक रुपमा **कम्तिमा दश हजार** बृक्षारोपण गर्ने लक्ष्य लिइएको छ। प्रस्तुत नीतिहरु मलंगवा नगर र सम्पूर्ण नगरवासीहरुको हितका लागि उपयोग गरिने लक्ष्य रहेको छ।

## नीतिहरू :

१. न्यायमा आधारित शान्तिपूर्ण र समावेशी समाज निर्माणका लागि जीवित प्राणीको मात्र नभई सडक, हावा, पानी, माटो, मठ मन्दिर र सार्वजनिक जग्गा तथा सम्पदाको कानुनी अस्तित्व र अधिकारलाई उजागर गरी त्यस्ता जैविक विविधताको अधिकारलाई विशेष महत्वका साथ संरक्षण, संवद्धर्न र प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरि प्राकृतिक सन्तुलन कायम गर्ने नीति लिइनेछ।

२. नगरवासीको जीवनयापनलाई गुणस्तरयुक्त बनाउन सिप विकास र रोजगारीका अवसरहरु सिर्जना गर्ने, खाद्य सुरक्षा तथा पोषण, स्वस्थ जीवन, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता र समाबेशीकरण, खानेपानी तथा सरसफाइको उपलब्धताको सुनिश्चितता गर्दै भरपर्दो, समावेशी र मर्यादित पेशा प्रवर्धन गर्ने किसिमका कार्यक्रमहरु तर्जुमा गरी सञ्चालनमा ल्याइनेछ।

३. फोहरमैलाको दिगो व्यवस्थापन, प्रदूषण नियन्त्रण, खुला क्षेत्रको पहिचान तथा संरक्षण,डुवानको समाधान तथा हरियाली प्रवर्धन गर्ने जस्ता पर्यावरणमैत्री कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिने छ।

४. प्रविधिमैत्री प्रशासनका माध्यमबाट राजस्वको दायरा फराकिलो बनाइने छ।

५. योजना तर्जुमा, बजेट विनियोजन, कार्यान्वयन तथा अनुगमन एवं मुल्याङ्कनमा प्रविधिको अधिकतम प्रयोग गरी नतिजामुखी पूँजीगत खर्चमा वृद्धि गरिनेछ।

६. विकासमा सबै सरोकारवालाहरूको संलग्नताको सुनिश्चितता, कार्यक्रममा दोहोरोपनाको अन्त्य, योजना कार्यान्वयनमा पारदर्शिता तथा लागत प्रतिफल विश्लेषण, स्थानीय सेवा प्रवाहका लागि सक्षम, पारदर्शी र उत्तरदायी संयन्त्र निर्माणका साथै सुशासन सहितको समृद्धिका लागि सरकारी, गैरसकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ।

७. नगरवासीको दैनिकीसँग जोडिएका समस्याहरू समाधान गर्न तथा नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाह गर्न लागि आवश्यक योजनाहरु निर्माण गरि सञ्चालन गरिनेछ।

८. स्थानीय आवश्यकताका आधारमा तत्काल सम्पन्न गर्नुपर्ने हरेक वडाबाट प्राप्त भएका योजनाहरूलाई प्राथमिकता प्राप्त योजनाका रूपमा कार्यान्वयन गरिनेछ।

९. नगरलाई स्मार्ट सिटीका रूपमा विकास गर्न फ्रेमवर्क र सूचकमा आधारित लक्ष्यहरु निर्धारण गरी स्थानीय टोलहरूलाई क्रमशः स्मार्ट टोलका रूपमा विकसित गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

**कार्यनीतिहरू**

**शिक्षा सम्बन्धी कार्यनीति**

१. नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयको पूर्वाधार विकास तथा शैक्षिकस्तर सुधारका लागि शिक्षा विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । संस्थागत विद्यालयहरूको व्यवस्थापन तथा पठनपाठन कार्यको नियमित अनुगमन नियमनका माध्यमबाट नाफामुखी शिक्षालाई निरूत्साहित गर्दै सेवामुखी शिक्षा विकासका लागि एक संस्थागत संयन्त्र सञ्चालनमा ल्याइनेछ ।
२. सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्न सक्ने क्षमताको विकास गर्न आधारभूत प्राविधिक ज्ञान र सिपका साथै शिक्षाको गुणस्तर अभिवृद्धि गर्न नगर योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
३. सबै निजी तथा सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण गरी
पाठ्यक्रम अनुरुप पठनपाठन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
४. सामुदायिक विद्यालयहरूको सुन्दरता बढाउन विद्यार्थीहरूको सहभागितामा सम्पूर्ण विद्यालयहरूलाई सुन्दर, कलात्मक र हरियालीयुक्त बनाउनका लागि सुन्दर विद्यालय परियोजना सञ्चालनमा ल्याइनेछ । यसका लागि विद्यार्थीहरुको संलग्नतामा क्लव गठन गरी वृक्षा रोपन कार्यक्रम सञ्चालन गरिनेछ ।
५. निजीस्तरमा संचालित शैक्षिक परामर्श सेवा केन्द्र, कोचिङ सेन्टर, तालिम केन्द्र, छात्रावास आदिको प्रभावकारी नियमन गरिनेछ ।
६. अपाङ्गता भएका विद्यार्थीहरूलाई अनुकुल हुने गरी समावेसी शैक्षिक वातावरणको सिर्जना गरिनेछ ।
७. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि नियमित स्वास्थ्य परीक्षण सेवा सञ्चालन गर्न एक विद्यालय एक नर्स र विद्यालयमा मनोसामाजिक परामर्शको लागि एक विद्यालय एक सामाजिक सहजकर्ता परिचालन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। साथै संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच भए नभएको अनुगमन गरिने छ ।
८. सामुदायिक विद्यालयका छात्राहरुका लागि निशुल्क सेनेटरी प्याड र प्याड डिस्पोजेवल मेशिन एवं विद्यार्थीहरुका लागि लकरको व्यवस्था गरिने छ ।
९. स्थानीय पाठ्क्रम अनुसार पाठ्पुस्तक निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ ।
१०. विद्यालयहरुमा विद्यालय फूलबारी र वृक्षारोपण गरि चौतारा सहितको विद्यालय स्थापना गरिनेछ ।

११. नगरपालिका भित्र कार्यरत सवै तहका शिक्षकहरुको विषयगत र पेशागत क्षमता वृद्धि गर्न मागमा आधारित तालिम संचालन गरिनेछ ।
१२. नगरपालिकाद्धारा संचालित नगर स्तरीय कक्षा ५ र ८ का परीक्षामा उत्कृष्ट हुने विधार्थी र विद्यालयलाई सम्मानित र पुरस्कृत गरिनेछ ।
१३. प्रारम्भिक बालविकास सहजकर्तालाई क्षमता अभिवृद्धि तालिम संचालन गरिनुको साथै न्युनतम पारिश्रमिक उपलब्ध गराउन स्रोत र साधनको उचित व्यवस्थापन गरिनेछ ।
१४. विद्यार्थीको अन्तर्निहित क्षमतालाई प्रस्फुटन गराउन नगरपालिका भित्रका सवै प्रकारका विद्यालयहरुबीच शैक्षिक मेला र प्रदर्शनीको आयोजना गरिनेछ ।
१५. मलंगवा नगरपालिकाको सवै प्रकारका विद्यालयको शैक्षिक अवस्थाको बारेमा बुझ्न शैक्षिक स्मारिका तयार गरिनेछ ।
१६. नगरपालिका भित्रका कम्तीमा २ वटा सामुदायिक विद्यालयलार्य स्मार्ट विद्यालयको रुपमा स्थापना गर्न स्मार्ट बोर्डको व्यवस्थापन गरिनेछ ।

## स्वास्थ्य सम्बन्धी कार्यनीति

१७. नगरपालिकाका लक्षित वर्गका लागि स्वास्थ्य बिमा सम्बन्धी कार्यविधी तयार गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
१८. मलंगवा नगरपालिकामा रहेका १० वटा स्वास्थ्य केन्द्रहरु मार्फत प्रदान गरिदै आएको सेवालाई थप प्रभावकारी बनाईने छ। स्वास्थ्य सचेतना बढाउन तथा विरामीहरुको पहिचान र उपचारमा पहुँच बृद्धि गर्न वडा वडामा विभिन्न स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।
१९. नगरपालिका क्षेत्रभित्र एक निर्दिष्ट नगर अस्पताल स्थापना गरी सञ्चालनमा ल्याइनेछ । निजी तथा सामुदायिक अस्पतालसँगको सहकार्यमा सुलभ फार्मेसी सञ्चालनमा ल्याई नगरवासीलाई औषधि खरिदमा सहुलियत दिइने छ ।
२०. आउँदो आर्थिक वर्षमा आँखा शिविर, मुटु रोग शिविर, परिवार नियोजन शिविर, नाक कान र घाँटीको परीक्षण शिविर संचालन गरिनेछ ।
२१. प्रचलित कानुन तथा मापदण्ड बमोजिम विपन्न र असहाय विरामीले पाउने निशुल्क तथा विशिष्ट सहुलियत सहितको स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवाको लागि नगरपालिका क्षेत्रभित्रका अस्पतालहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
२२. आरोग्य जीवनका लागि फिजिकल हेल्थ, मेन्टल हेल्थ, ध्यान, योग चिकित्साजस्ता वैकल्पिक उपचार पद्दतिका कार्यक्रमहरू अन्य सम्वद्ध पक्षसँगको सहकार्यमा सञ्चालनमा ल्याइनेछ ।
२३. नगरपालिकाबाट आर्थिक, प्राविधिक तथा अस्पतालजन्य उपकरण वा सहायता उपलब्ध गराइएका अस्पतालहरुसँग समन्वय गरी स्थानीय विपन्न र सामाजिक सुरक्षा प्रदान गर्नुपर्ने नगरवासीका लागि निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने प्रबन्ध गरिनेछ ।
२४. सामुदायिक अस्पतालको स्तरन्नोतिको लागि सहयोग गरिनेछ ।

२५. नागरिकको स्वास्थ्य अधिकार सुनिश्चि गर्न संघ र प्रदेशसँग समन्वय गरि स्वास्थ्य विमा कार्यक्रम विस्तार गरिनेछ ।

२६. महिला प्रजनन स्वास्थ्य रुग्णताको पहिचान गरि अति संक्रमित बिमारीको लागि उपचारको प्रबन्ध मिलाईनेछ ।

२७. क्यालोरीमा आधारित उपभोग प्रणाली लागु गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२८. नगरपालिका क्षेत्र भित्र अशक्त, विपन्न र गर्भवती महिलाको लागि फ्री एम्बुलेन्स सेवाको व्यवस्था मिलाईनेछ ।

## पूर्वाधार सम्बन्धी कार्यनीति

२९. सार्वजनिक, ऐलानी, पर्ती, गुठी तथा सरकारी जग्गाहरूको लगत अद्यावधिक गरी सोको संरक्षण, संवर्धन तथा उपयोग गरिनेछ । नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरू अतिक्रमण गरी बनाइएका अनधिकृत संरचना हटाई खुल्ला क्षेत्रको रुपमा विकास गरिनेछ ।

३०. मलंगवा नगरपालिकाको विकास निर्माण कार्यहरुको स्थानीय जनताको सहभागितामा गुणस्तरीय र कम लागतमा निर्माण सम्पन्न गर्न उपभोक्ता समिति र अमानतबाट निर्माण गरिने नीति लिईनेछ ।

३१. स्वच्छ खानेपानी तथा सफा सार्वजनिक शौचालयमा नागरिकको पहुँच वृद्धि गर्नका लागि सार्वजनिक शौचालयको सुविधा उपलब्ध गराइने छ । बसस्टप रहेको स्थानहरुमा जग्गा उपलब्ध भएसम्म सार्वजनिक शौचालय, खानेपानी तथा फ्रि वाइफाई जडान गरिनेछ । सो कार्यको लागि सामाजिक उत्तरदायित्व अन्तर्गत साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३२. आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

३३. खानेपानीको पर्याप्त आपूर्तिका लागि सरकारी निकाय, निजी क्षेत्र र सेवा प्रदायकसँग सहकार्य गरिनेछ ।

३४. नगरपालिकाका सम्पूर्ण सडकहरुलाई आगामी दुई वर्षभित्र गुणस्तरीय पक्की सडकमा रुपान्तरण गर्न र सडकपेटीको स्तरोन्नतिका लागि **धुलो रहित मलंगवा** योजना तर्जुमा गरी सञ्चालनमा ल्याइनेछ ।

३५. सडक निर्माण कार्यलाई थप व्यवस्थित एवम् गुणस्तरीय बनाउनका लागि कार्ययोजना निर्माण गरिनेछ ।

३६. आधुनिक प्रविधि सहितको अपाङ्गतामैत्री,सामाजिक एवं भौतिक पूर्वाधारहरुको निर्माण गरी नगरवासीलाई दिगो पूर्वाधार विकासको अनुभूती गराइनेछ ।

३७. मलंगवा नगरपालिका क्षेत्रभित्र निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्रीहरुको गुणस्तर र मापदण्ड निर्धारण गरिनेछ । निर्माण कार्य गर्दा वातावरणीय प्रदूषण कम हुने, कामदारको उचित सुरक्षाको प्रत्याभूति हुने गरी पूर्वाधार निर्माण कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

३८. नगर क्षेत्रभित्रका सडक, ढल, फुटपाथ, सडक वत्ति आदी जस्ता तत्काल मर्मत सम्भार गर्नुपर्ने कार्यलाई कार्यान्वयनमा ल्याइनेछ ।

३९. नगरस्तरीय योजनाको साथै वडा वडामा विकास निर्माणका कार्यहरु अघि बढाउन वडास्तरबाटै सम्पन्न गर्न सकिने गरि विगत वर्षहरुमा झै वडागत बजेटको व्यवस्था गरिनेछ ।

४०. नेपाल दूरसञ्चार प्राधिकरण (NTA) र इन्टरनेट सेवा प्रदायक संस्था (ISPAN) सँग सहकार्य गरी अव्यवस्थित रुपमा रहेका तारहरुको उचित व्यवस्थापन गरिने छ ।

४१. नगरपालिका क्षेत्रभित्रका सडक, रेलिङ, वाल, कार्यालय परिसर, पार्क, लगायतका क्षेत्रहरूमा निरन्तर रूपमा सरसफाई, रंगरोगन तथा चित्रकला, हरियाली प्रवर्धनको माध्यमबाट सुव्यवस्थित र **सुन्दर बनाउनका लागि सुन्दर नगर** योजना सञ्चालन गरिनेछ ।

४२. उज्यालो सहर, मेरो नगर योजनाको रुपमा सञ्चालन गरिनेछ । यसका लागि नगरका विभिन्न **१२ स्थानमा हाइ मास लाइट** जडान गरिनेछ ।

४३. मलंगवा नगरपालिकाको निर्माणाधीन प्रशासनिक भवन निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

**संस्कृति, सम्पदा तथा पर्यटन सम्बन्धी कार्यनीति**

४४. मलंगवा नगरपालिकालाई खुल्ला संग्रहालयको रुपमा विकास गर्न तथा यसको पहिचानलाई जोगाई राख्न मूर्त तथा अमूर्त सम्पदाको संरक्षण, संवधन तथा प्रर्वर्धनका बिभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

४५. मलंगवाको मौलिक उत्पादनको ब्राण्ड तयार गर्ने उद्योगहरुलाई प्रोत्साहित गरिने छ ।

४६. मलंगवा नगरपालिका क्षेत्रभित्र पर्ने राजदेवी मन्दिर, झिलमिलियामाई, बौधीमाई, मलगवाबा, जिलानिया मस्जिद लगायतका धार्मिक स्थल र मेलाहरुलाई थप व्यवस्थित र व्यापक प्रचार प्रसार गरि धार्मिक पर्यटन विकास गरिनेछ ।

४७. सांस्कृतिक सम्पदाहरुको संरक्षण र संवर्धन गर्ने कार्यलार्य पर्यटन विकाससँग जोडिनेछ ।

४८. पर्यटकहरुको बसाई लम्व्याउन र रात्री कालिन पर्यटकहरुलाई मनोरंजन प्रदान गर्न सके आर्थिक गतिविधिहरु बढाई स्थानीय जनताको रोजगारीमा सहयोग पुग्ने किसिमको योजना तर्जुमा गरिवनेछ ।

४९. नगरपालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, पोखरी आदिको अभिलेख राखी संरक्षणको व्यवस्था मिलाइनेछ ।

५०. मलंगवा नगरपालिकामा र्राष्ट्रिय चलचित्र, संगीत, कला, अन्य मनोरन्जनका कार्यक्रम, स्थानीय पेय पदार्थ, मौलिक र परम्परागत खानालाई Branding गरिनेछ ।

५१. सामुहिक रुपमा स्थानीय घर परिवारले प्रयोगमा ल्याइरहेको सागाहरुको उचित व्यवस्थापन गरिने छ ।

**वातावरण व्यवस्थापन सम्बन्धी कार्यनीति**

५२. नगरको फोहर व्यवस्थापनमा रहेको लामो समयदेखिको अन्यौलतालाई अन्त्य गरी आगामी आर्थिक वर्षभित्र ठोस योजना सहितको दिगो समाधानको कार्य प्राथमिकताकासाथ कार्यान्वयन गरिनेछ ।

५३. संवत् २०८२ श्रावण १ गतेबाट एकल प्रयोगको प्लाष्टिकलाई निषेध गर्ने, प्लाष्टिकको फूलगुच्छा उत्पादन, बिक्री वितरण र आयातका साथै ४० माइक्रोन भन्दा पातला प्लाष्टिकको झोलाको प्रयोगलाई नगर क्षेत्रमा प्रतिवन्ध लगाइनेछ र यसको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।

५४. सवारी साधनहरूको प्रदूषण मापन गरी तोकिएको मापदण्ड भन्दा बढी प्रदूषण निष्काशन गर्ने सवारी साधनहरुलाई नगर क्षेत्रमा सञ्चालन गर्न रोक लगाउन सम्बन्धित निकायसँग सहकार्य गरिनेछ ।

५५. नगरपालिका क्षेत्रभित्रका नालाहरूको नियमित सरसफाई गर्न योजनाका रुपमा सञ्चालन गरिनेछ । यसका लागि आवश्यक उपकरणहरू खरिद गरी संस्थागत क्षमता विकास गरिनेछ ।

५६. सरसफाई कार्यमा प्रयोग हुने आवश्यक सवारी साधन तथा उपकरणहरुको पर्याप्त व्यवस्था गरिनेछ ।

५७. सार्वजनिक स्थानहरुमा धुम्रपान तथा सूर्तिजन्य पदार्थको प्रयोग तथा बेचविखनलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।

## संस्थागत विकास तथा सुशासन सम्बन्धी कार्यनीति

५८. संविधानतः स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेका अधिकारहरुको प्रचलन गर्न विशेष पहल गरिनेछ ।

५९. मलंगवा नगरपालिकाको हालको संगठन संरचनालाई पुनरावलोकन गरी नगरपालिकाबाट प्रवाह गरिने सेवालाइ प्रभावकारी बनाइनेछ। नगरपालिकाको निर्णय प्रकृयालाई पारदर्शी, सहज, सूचना प्रविधिमैत्री, सेवाग्राहीमैत्री, कुसल एवं प्रभावकारी वनाइनेछ ।

६०. सेवा केन्द्रका रूपमा सेवा प्रवाह गरिरहेका वडा कार्यालयहरुको काम कारवाहीलाई थप प्रभावकारी र अधिकार सम्पन्न बनाउन थप कर्मचारी, भौतिक पूर्वाधार तथा आवश्यक स्रोत साधनको व्यवस्था मिलाइने छ ।

६१. नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि सेवाकालीन, पुनर्ताजगी तालिम, अध्ययन अवलोकन भ्रमण तथा मनोसामाजिक माध्यमबाट क्षमता अभिवृद्धि गरी संस्थागत कार्यसम्पादन स्तरमा सुधार ल्याइनेछ ।

६२. नगरपालिका क्षेत्रभित्रका युवा जनशक्तिलाई श्रम बैंकमा आवद्ध गराई सिप विकास तथा क्षमता विकास तालीम तथा रोजगारीका अवसरहरु उपलब्ध गराइनेछ ।

६३. बालविवाहलाई निरुत्साहित बनाउन चेतनामुलक, निषेधात्मक र दण्डात्मक नीति अबलम्बन गरिनेछ ।

## राजस्व तथा वित्त व्यवस्थापन सम्बन्धी कार्यनीति

६४. नगरभित्र रहेका व्यापार व्यवसायहरूको विस्तृत विवरण सहितको विवरण तयार गरि दर्ता नगराएका व्यवसायहरुलाई दर्ता गराई कारोबार संचालन गर्न नीति लिइनेछ ॥

६५. करको दरमा सामयिक पुनरावलोकन गरी तथा दायरा फराकिलो बनाई राजश्व परिचालनमा थप प्रभावकारिता ल्याइनेछ ।

६६. आवश्यकता अनुसार अनुगमन तथा संकलन गर्नका लागि टोली गठन गरी परिचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । साथै अग्रीम कर तिर्न सक्ने प्रवन्ध मिलाइनेछ ।

## यातायात सम्बन्धी कार्यनीति

६७. विद्युतीय सार्वजनिक यातायातलाई प्रवर्धन गर्ने र नगरपालिका भित्र रात्रीकालिन सार्वजनिक सवारी साधन सञ्चालन गर्न आवश्यक समन्वय एवम् प्रवन्ध गरिनेछ ।

६८. जेब्राक्रसिङको संकेत चिन्ह भएको स्थानबाट मात्र पैदल यात्रीले बाटो काट्न सहजीकरण गरिनेछ

६९. सडकमा वारपार गर्न सवारी साधनको भन्दा पैदल यात्रीको अग्राधिकार कायम गर्ने यातायात संस्कृतिको विकास गरिनेछ ।

७०. नव निर्मित बस पार्क २०८२ भित्र संचालन गर्न सरोकारवालापक्षहरुसँग समन्वय र सहकार्य गरि संचालनमा ल्याईने प्रबन्ध गरिनेछ ।

## कानुन तथा मानव अधिकार सम्बन्धी कार्यनीति

७१. मानव अधिकार र सामाजिक न्यायको सिद्दान्तलाई अवलम्वन गर्दै न्याय सम्पादनलाई थप सरल, सहज, अनुमानयोग्य र पहुँचयोग्य बनाउन सूचना प्रविधिको प्रयोग गरिनेछ । नगरवासीहरूका लागि न्याय तथा कानुनी परामर्शका, कानूनी सचेतना, राय तथा परामर्श, मेलमिलापको प्रवर्धन, प्रथाजनित मेलमिलापलाई प्राथमिकीकरण र समग्र न्याय प्रणालीको दायरा बढाउने गरी कार्यान्वयन गरिनेछ ।

७२. स्थानीय विवादको न्यायोचित समाधान गर्न तथा न्याय सम्पादनको काम कारवाहीलाई अझ प्रभावकारी बनाउने उद्देश्यले न्यायिक समितिलाई अझ प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनेछ ।

७३. महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक सुनिश्चित गर्न, लैङ्गिकताका आधारमा हुने हिंसा नियन्त्रण गर्न, महिलाको बहुपक्षिय अधिकार तथा मानव अधिकारका समग्र विषयमा प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्न वडा महिला सञ्जाल बनाइनेछ ।

७४. मलंगवा नगरपालिकालाई प्राप्त संवैधानिक तथा कानुनी अधिकारको प्रचलन गर्न तथा नगर सभाबाट स्वीकृत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक नयाँ कानुनको तर्जुमा, विद्यमान कानुनको पुनरावलोकन गरी संशोधन गरिनेछ ।

## कृषि तथा पशुपंक्षी सम्बन्धी कार्यनीति

७५. नगरबासीलाई अर्गानिक तरकारी, फलफुल, माछामासु तथा अन्य खाद्यवस्तुको सहज उपलब्धताको प्रवन्ध गर्न अन्य स्थानीय तहहरूसँग सम्झौता गरी कृषकहरुलाई प्रोत्साहन हुने तथा कृषि उपजको विक्रि वितरण तथा भण्डारण गर्ने संस्थागत प्रणालीको विकास गरिनेछ ।

७६. कृषि पेशाप्रति आकर्षण बढाउन खेतमा नै सामुहिक धान रोप्ने र सफल कृषक वा कृषक समूहलाई सम्मान गर्ने गरि प्रत्येक असार १५ गते धान दिवस मनाईने छ ।

७७. खाद्य पदार्थको गुणस्तर सुनिश्चितताका लागि नगर क्षेत्रभित्र आफ्नै कृषि, खाद्य र भेटेरिनरी परीक्षण प्रयोगशाला स्थापना गरी अनुगमन, निरीक्षण तथा परीक्षण कार्यलाइ प्रभावकारी बनाइनेछ ।

७८. मलंगवाको रैथाने बाली पहिचान, संरक्षण तथा विस्तार गरिनेछ । करेसाबारी खेतीलाई प्रवर्धन तथा प्रोत्साहित गरिनेछ । घरबाट निस्किने फोहरलाई मल बनाई अर्गानिक उत्पादनमा जोड दिइनेछ ।

७९. पशुपालनलाई व्यवस्थित गर्न पशुपंक्षीजन्य व्यवसायको अभिलेखीकरण तथा नियमनगर्न पशुदर्ता प्रणाली कार्यान्वयनमा ल्याइनेछ । पशुपालनका लागि अनिवार्य अनुमतिपत्र लिनुपर्ने ब्यवस्था गरिनेछ ।

८०. सडकमा सँगुर छाडा छोड्ने प्रवृतिलाई निरुत्साहित गर्दै सुँगुर पालनलाई व्यवस्थित गर्न उपयुक्त व्यवस्था मिलाईनेछ ।

८१. मुख्य रुपमा कृषि र पशुपालन व्यवसायमा महिला तथा आर्थिक रुपले विपन्न परिवारालाई स्वरोजगार र उद्यमी बनाउने नीति लिईनेछ ।

## सामाजिक विकास सम्बन्धी कार्यनीति

८२. गरिबको पहिचान गरी उनीहरुका लागि सिप विकास तथा आयमूलक तालिम कार्यक्रमको सञ्चालन मार्फत उत्पादनशिल रोजगारीको अवसर सिर्जना गरिनेछ ।

८३. समता सहितको समानता तथा सामाजिक समावेशिकरणको प्रत्याभुतिका लागि लैङ्गिक तथा सामाजिक विभेदिकरणलाई अन्त्य गर्न निजी क्षेत्र तथा गैर-सरकारी संस्थाहरूसँग समेत सहकार्य गरिनेछ ।

८४. नगरवासीहरुमा नगरप्रतिको भावनात्मक सम्वन्ध विस्तारका लागि, ज्येष्ठ नागरिक तथा एकल व्यक्तिहरूका जन्मदिन तथा चाडवाडहरूमा शुभकामना सन्देश, अपाङ्गता भएका व्यक्तिहरुका लागि विशेष कार्यक्रम, न्यून आय भएका तथा असहाय वर्गका परिवारलाई जन्म, मृत्यु तथा चाडपर्वहरूमा सहयोग केन्द्रित कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ ।

८५. ज्येष्ठ नागरिकमा रहेको ज्ञान, अनुभव, क्षमता र सिपलाई पुस्तान्तरण गरिनेछ । सक्रिय बुढ्यौलीलाई बढावा दिने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८६. महिलाको श्रमलाई आर्थिक उपार्जनमलक कार्यमा लगाउन रैथाने परिकार तथा उत्पादनको छ मासिक वा बार्षिक मेला आयोजना गर्न समन्वय गरिनेछ । नगरपालिका क्षेत्रभित्रका उद्यमशिल महिलाहरुलाई सहुलियत व्याजदरमा ऋण प्रवाह गर्न सहजीकरण गरिनेछ ।

८७. नगरक्षेत्रभित्रका असहाय वालकालिकाको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

८८. विपन्न, दलित, आदिवासी जनजाति, पिछडिएका वर्ग र अपागंता भएका नगरवासीहरुका लागि विशेष संरक्षणका कार्यक्रमहरु संञ्चालन गरिनेछ ।

८९. नगरपालिकालाई स्मार्ट सिटीका रूपमा विकास गर्न स्मार्ट टोल योजना सञ्चालनमा ल्याइनेछ । योजना सञ्चालनका लागि निश्चित सूचक सहितको स्मार्ट सिटी फ्रेमवर्क तयार गरी लागू गरिनेछ । महिला तथा युवाहरुका लागि IT सम्बन्धी विशेष तालिमहरु सञ्चालन गरिनेछ ।

९०. लागु पदार्थ दुव्यसर्नीहरुका लागि सुधार गृह तथा पुनर्स्थापना केन्द्रहरुसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

## खेलकुद सम्बन्धी कार्यनीति

९१. परम्परागत तथा आधुनिक खेलकुदको विकास र प्रवर्धनका लागि सामुदायिक तथा निजी क्षेत्र समेतको सहकार्यमा खेलकुद प्रतियोगिता, व्यवसायिक खेलाडी तथा प्रशिक्षक उत्पादनका लागि प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रमहरू संचालनमा ल्याइनेछ ।

९२. खेलकुद विकासको लागि विभिन्न पूर्वाधारहरू निर्माण, विद्यमान पूर्वाधारहरुको नियमित मर्मत र सम्भार गर्ने कार्यका लागि कम्तिमा एक टोल एक खेलकुद पूर्वाधार निर्माण गर्ने तथा सञ्चालनमा रहेका खेलमैदानको स्तरोन्नति तथा मर्मत सम्भार गरिनेछ ।

९३. खेलकुद क्लव तथा खेलाडी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

## सहकारी सम्बन्धी कार्यनीति

९४. स्थानीय सिप, कला, उत्पादनलाई प्रोत्साहन गर्न नगरपालिका क्षेत्रभित्रका डिपार्टमेन्टल स्टोर, सपिङ्ग मलहरूसँग समन्वय गरी बिक्रि वितरणका लागि निश्चित स्थान उपलब्ध गराउन तथा स्थानीयलाई रोजगारी दिने व्यवसायीहरुलाई सहुलियत दिने व्यवस्था मिलाइनेछ ।

९५. सहकारी क्षेत्रमा सुशासन कायम गर्न सहकारीहरुलाई प्रबर्धन, नियमन तथा अनुगमन गर्ने कार्यलाई तिब्रता दिंदै विद्युतिय प्रणालीमा आवद्ध गरिनेछ ।

९६. संस्थाका सदस्यहरुलाई लक्षित गरी सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

९७. संकटग्रस्त सहकारी व्यवस्थापनका लागि संस्थागत संयन्त्र निर्माण गरी प्राथमिकताका साथ कार्य गरिनेछ ।

९८. सहकारी दर्ता, नविकरण तथा मर्जर सम्बन्धमा मापदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ ।

## विपद् व्यवस्थापन सम्बन्धी कार्यनीति

९९. विपद् जोखिम न्युनिकरण, जलवायु परिवर्तनको जोखिमबाट नागरिकलाई जोगाउन विभिन्न योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१००. नगरपालिकाको डुवान क्षेत्रहरू पहिचान गरी सो को समाधानका लागि डुवान समाधान कार्यक्रम अन्तर्गत ड्रेनेज योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१०१. स्थानीय तथा वडास्तरका विपद् जोखिम समितिहरु मार्फत विपद् जोखिमका लागि आपतकालीन उद्दार तथा आपतकालीन तालिम सञ्चालन तथा आवश्यक सामाग्रीहरुको व्यवस्था गरिनेछ ।

## सहरी विकास तथा भवन मापदण्ड सम्बन्धी कार्यनीति

१०२. मलंगवा नगरपालिकाको भूउपयोग योजना तयार गरी लागू गरिनेछ ।

१०३. भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनालाई जोड दिइनेछ । मापदण्डको उल्लङ्घन हुने गरी फ्लोर एरिया रेसियोको सुविधाभन्दा बढी निर्माण भई अभिलेखीकरण भैसकेका र हुन बाँकी भवन संरचनाको हकमा सम्पत्ति करको दर बढी हुने गरी आर्थिक ऐनमा व्यवस्था गरिनेछ ।

१०४. भवन निर्माण गर्दा सहरको सुव्यवस्था, सार्वजनिक आवागमनमा अवरोध नपुग्ने तरिका, आवश्यक र उपयुक्त उपकरणको प्रयोग, कामदारको सुरक्षा, प्रदुषण नियन्त्रण र वातावरणको संरक्षण आदि पक्षलाई आधार मानी भवन निर्माण गर्न आचार संहिता जारी गरिनेछ ।

१०५. भवन निर्माण प्रमाणीकरणको कार्यलाई निरन्तरता दिन कानूनी प्रवन्ध गरिनेछ ।

**सूचना तथा प्रबिधि सम्बन्धी कार्यनीति**

१०६. डिजिटल नगर फ्रेमवर्क तयार गरी सुशासनका लागि अनलाइन सेवा योजना मार्फत नगरपालिकावाट प्रदान गरिने सेवालाई अनलाइन माध्यमबाट प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।

१०७. नगरपालिकाको वेबसाईट, इमेल र फेसबुक नियमित रुपमा रुजु र अपडेट गरिनेछ । डिजिटल डिस्प्ले मार्फत अत्यावश्यक सूचना सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ ।

१०८. नगरपालिकामा रहेका अभिलेखलाई विद्युतीय प्रणालीबाट अभिलेखीकरण गरिनेछ ।

१०९. नगरपालिकामा स्वच्छ पत्रकारिता र सूचना प्रवाहको वातावरण सिर्जना गर्न संचार क्षेत्रसँग सहकार्य र साझेदारी गरिनेछ ।

**हरियाली प्रवर्धन आयोजना सम्बन्धी कार्यनीति**

११०. बार्षिक रूपमा दश हजार रूखबिरूवा रोपी नगरपालिकालाई हराभरा बनाउन योजनाको रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

१११. विभिन्न संस्थाहरुसंग सहकार्य गरी वायु, ध्वनि, दृष्य लगायत विभिन्न प्रदुषण नियन्त्रण सम्बन्धी अध्ययन अनुसन्धान गरी नीतिगत व्यवस्था गरिनेछ ।

११२. नगरपालिकालाई हराभरा र सुन्दर बनाउन बाटोको पेटीमा बृक्षारोपण गरि बजार सौन्दर्यीकरण गर्ने नीति लिईनेछ ।

**प्रधानमन्त्री रोजगार कार्यकम सम्बन्धी सम्बन्धी कार्यनीति**

११३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारीको अवसर सिर्जना गरी बेरोजगार व्यक्तिलाई रोजगार प्रणालीमा सूचिकृत गरिनेछ ।

**अन्त्यमा,**

मलंगवा नगरपालिकाको आन्तरिक आय संघिय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त र निशर्त अनुदान सहयोग समेतको आधारमा आ.व.२०८२/८३ को बजेट तयारी गरी विकास निर्माणको कामलाई अगाडि बढाईनेछ । प्रस्तुत नीति तथा कार्यक्रमलाई बजेट तर्जुमाका आधार मानि सोही अनुरुप बजेट विनियोजन गर्ने यथा सम्भव प्रयास गरिनेछ । समृद्ध मलंगवा नगर निर्माण गर्ने हाम्रो अभियानमा प्रस्तुत नीति तथा कार्यक्रमहरु महत्वपूर्ण मार्गदर्शक सिद्धान्तका रुपमा रहनेछन् भन्ने विश्वास लिएका छौं ।

मलंगवा नगरपालिकालाई जनअपेक्षा अनुरुपको सशक्त र प्रभावकारी स्थानीय सरकारको रुपमा विकास गर्न आवश्यक सहयोग गर्ने नेपाल सरकार, प्रदेश सरकार, जनप्रतिनिधि, विकास साझेदारहरु, विज्ञ सल्लाहकार समूह, निजी क्षेत्र, नागरिक समाज, विभिन्न संघसंस्था, सुरक्षाकर्मी, पत्रकार, अन्तर्राष्ट्रिय समुदाय, नगरवासी, बुद्धिजिवी र कर्मचारी वर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ! जय नेपाल ।

**नागेन्द्र प्रसाद यादव**
**नगर प्रमुख**
**२०८२ असार १०, मंगलवार**